फोन नं. : ०९७-५४१००६

पयाक्स नं. : ०९७-५४१००६

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन विभाग

# जिल्ला वन कार्यालय, बाजुरा

## ईलाका वन कार्यालय, मार्तडी

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
वन विभाग
ईलाका वन कार्यालय
मार्तडी, बाजुरा

प. सं. : ०७४।०७५
च. नं. :

मिति २०७५।०२।२०

**विषय : वन पैदावारमा आधारित उद्योग विकास अनुदान सम्बन्धि सूचना ।**

उपरोक्त सम्वन्धमा जिल्ला वन कार्यालय वाजुराको आ.व. २०७४।०७५ को राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत पश्चिम पहाड तराई भू-परिधि कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन पैदावरमा आधारित उद्योग विकासका लागी अनुदान कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदाँ बडिमालिका नगरपालिका र खप्तड छेडेदह गाउँपालिकाको क्षेत्र भित्र दर्ता भई संचालनमा रहेका वन पैदावारमा आधारित उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र प्रस्तावना पत्र सहित रित पुर्वकको निवेदन यस कार्यालयमा पेश गर्न उद्यमी व्यवसायी सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । यसमा रितपुर्वक नआएका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु तथा निवेदनहरु छनौट प्रकियामा सामेल नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ । उक्त वन पैदावारमा आधारित उद्योग बिकासका लागी अनुदान स्वरुप प्रति उद्योग बढिमा रु. ९००००।- (अक्षरुपी नब्बे हजार रुपियाँ मात्र) उपलब्ध गराउन सकिने छ । यस सम्वन्धमा विस्तृत जानकारीको लागी ईलाका वन कार्यालयमा आई कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा फोन नं. ९८६२८२३०११ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**प्रस्तावना पत्र संगै समावेश गर्नुपर्ने कागजातहरु**

१) उद्योग/व्यवसाय दर्ताको प्रमाणपत्र ।

२) उद्योग स्थापना भएको जग्गाको कि.नं., क्षेत्रफल र नक्सा तथा निजी जग्गाको हकमा जग्गाधनि दर्ता प्रमाणपूर्जाको फोटोकपी ।

३) चालु आ.व. को कर चुक्ता गरेको प्रमाण ।

४) नेपाली नागरिकताको फोटोकपी ।

५) प्रस्तावना पत्र कम्तीमा ३ पानाको हुनु पर्ने छ ।

सहायक वन अधिकृत